नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी राष्ट्रिय जोखिम मूल्याङ्कन गोष्ठी सम्पन्न

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरको राष्ट्रिय जोखिम मूल्याङ्कन गर्ने उद्देश्यले विश्व बैंकको प्राविधिक सहायतामा वित्तीय जानकारी इकाइद्वारा २०७१ जेष्ठ २६-२८ सम्म काठमाडौँमा तीन दिने कार्यशाला गोष्ठी आयोजना गरियो । उक्त गोष्ठीमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, कार्यालय तथा नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायहरू समेत गरी २१ वटा निकायका ४५ जना अधिकृतहरूको सहभागिता रहेको थियो । गोष्ठी मुलतः सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा नेपालमा विद्यमान कानूनी, नीतिगत तथा संरचनागत व्यवस्थाका साथै कसुर रोकथाम गर्नका लागि अवलम्बन गरिएका र गरिनुपर्ने मापदण्डको समग्र मूल्यांकन गरी जोखिम पहिचान गर्ने र पहिचान गरिएका जोखिम न्यूनीकरणका उपायको खोजी गर्ने विषयमा केन्द्रित थियो । राष्ट्रिय जोखिम मूल्याङ्कन गर्ने प्रयोजनको लागि सहभागीहरूलाई आठ वटा समूहमा विभाजन गरी क्षेत्रगत जोखिम मूल्याङ्कन गरिएको थियो ।

गोष्ठीको अन्तिम दिन वित्तीय जानकारी इकाइका प्रमुख मुकुन्द महत तथा सहायक निर्देशक डिल्लीराम न्यौपानेबाट जोखिम मूल्याङ्कनका मुख्य मुख्य निष्कर्षहरूलाई उच्च नीतिगत तहका अधिकारीहरू समक्ष राय तथा प्रतिक्रियाका लागि प्रस्तुत गरिएको थियो । उक्त अवसरमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर, विभिन्न मन्त्रालयका सहसचिव, विभागका महानिर्देशक लगायतले गोष्ठीका निष्कर्षउपर आ-आफ्नो धारणा राख्नुभएको थियो ।

उक्त गोष्ठीको समापन कार्यक्रम गभर्नर डा. युवराज खतिवडाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । समापन कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. खतिवडाले कसुर निवारण गर्ने सम्बन्धमा अवलम्बन गरिनु पर्ने मापदण्डहरू जोखिममा आधारित हुनु पर्नेमा जोड दिँदै सो को लागि जोखिम मूल्याङ्कन अत्यावश्यक रहेको धारणा व्यक्त गर्नु भयो । साथै, जोखिम परिवर्तन भइरहने हुनाले यसको मूल्याङ्कन नियमित र निरन्तर रूपमा हुनु पर्ने र सोही आधारमा नीतिगत निर्णय तथा व्यावहारिक उपायहरू अवलम्बन गरिनु पर्ने धारणा व्यक्त गर्नु भयो । नेपालले कानुनी, संस्थागत र संरचनागत क्षेत्रमा धेरै फड्को मारिसकेको चर्चा गर्दै उहाँले यसको प्रभावकारी कार्यान्वयनका लागि मुलुक प्रयत्नरत रहेको जानकारी दिनुहुँदै यस क्षेत्रमा विश्व बैंकबाट हाल सम्म प्राप्त सहायताको प्रशंसा गर्दै आगामी दिनमा समेत आवश्यक सहायता निरन्तर प्राप्त भइरहने विश्वास व्यक्त गर्नुभयो । यो विषय कुनै एक निकाय वा नियमनकारी निकायहरूको सक्रियताले मात्र पूर्ण नहुने र यसमा समग्र क्षेत्रको सहयोग आवश्यक पर्ने बताउनु हुँदै गभर्नर खतिवडाले विशेष गरी उद्योगी व्यवसायीहरूले पूर्ण सहयोग गर्नुपर्ने धारणा राख्नुभयो । यस क्षेत्रका जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै अघि बढ्नुपर्ने भन्दै उहाँले सम्पत्ति शुद्धीकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी मापदण्डहरूलाई कडाइका साथ लागु गर्नु पर्नेमा दृढता व्यक्त गर्नुभयो ।

२०७१ जेठ २९ गते, विहिबार

गभर्नरको कार्यालय